बैठक संख्या ३५ मिति २०७६।०३।२०

आज मिति २०७६।०३ ।२० गतेका दिन दिउसो १.०० वजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाज्यूको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको बैठक वस्यो ।

उपस्थिति

| नाम थर | पद |
|---|---|
| १. श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २. श्री बिमला गुरुङ | गा.पा. उपाध्यक्ष |
| ३ श्री रमेश सुवेदी | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) |
| ४. श्री भीम बहादुर गुरुङ | १ नं वडाध्यक्ष |
| ५. श्री पोल बहादु आले | २ नं वडाध्यक्ष |
| ६. श्री कृतिमान आले | ३ नं वडाध्यक्ष |
| ७ श्री पदम बहादुर गुरुङ | ४ नं वडाध्यक्ष |
| ८. श्री याल बहादुर गुरुङ | ५नं वडाध्यक्ष |
| ९. श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०. श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११. श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२. श्री भोगीमाया राना | गा.का.पा. सदस्य |
| १३. श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४. श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

कर्मचारी उपस्थिति

श्री गोविन्द प्रसाद पौडेल

देवघाट गाउँ कार्यपालिका

मिति: २०७६।०३।२० ,  बैठक संख्या ३५

प्रस्तावहरु

१) उपाध्यक्षको उपचार खर्च सम्बन्धमा

२) फोरहरमैला व्यवस्थापन निर्देशिका, २०७६ स्विकृत सम्बन्धमा

३) आर्थिक सहयोग सम्बन्धमा

४) वगन्दी सामुदायिक स्वास्थ्य ईकाई भवन निर्माण स्थल जग्गा पास खर्च सम्बन्धमा

५) नदी जन्य पदार्थ उत्खनन् ठेक्का र सेती भतेरी र साँढेवगर घाट सम्बन्धमा सुमिस्यारोन कन्स्ट्रक्सनको निवेदन सम्बन्धमा

६) कार्यपालिका र वडा समितिको बैठक भत्ता सम्बन्धमा

७) विधेयक पारित सम्बन्धमा

८) कर्मचारी दरवन्दी स्विकृत सम्बन्धमा

९) कर्मचारी सेवा सुविधा सम्बन्धमा

१०) वराह आधारभूत विद्यालयका जेहन्दार तथा गरीव छात्रा छात्रलाई पोशाक सहयोग सम्बन्धमा

११) सामाजिक सुरक्षा भत्ताको लागी बैंक खाता खोल्न बाँकी लाभग्राहीको खाता खोल्न सम्बन्धमा

१२) गाउँ दररेट निर्धारण कार्यदल सम्बन्धमा

१३) सवै कर्मचारी र जन प्रतिनिधिहरुले E PAN लिई कार्यालयमा उपलब्ध गराउने सम्बन्धमा

१४) नदीजन्य पदार्थ उत्खननको लागी IEE गर्ने सम्बन्धमा

१५) साविक गा.वि.स. को बेरुजु आ आफ्नो वडावाट दाखिला गर्न लगाउने सम्बन्धमा

१६) तलब स्केल कायम सम्बन्धमा

१७) राष्ट्रिय आधारभूत विद्यालय, देवघाट, ४, काफलडाँडाको भवन निर्माण अनुदान खातामा पठाउने सम्बन्धमा

१८) जनता आवास कार्यक्रम सम्बन्धमा

१९) सम्पत्ति करको दर निर्धारण सम्बन्धमा

२०) क्रसर उद्योगको IEE स्विकृति सम्बन्धमा

२१) रेडक्रसलाई अनुदान सहयोग दिने सम्बन्धमा

२२) महिला हिंसा विरुद्धको अभियान वर्ष मनाउने सम्बन्धमा

दुर्गा वहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

२३) आय र व्यय संशोधन सम्वन्धमा

२४) खेलकुद समितिलाई अनुदान दिने सम्वन्धमा

२५) पत्रिकाको सूचना विज्ञापन भुक्तानि सम्बन्धमा

२६) कार्यक्रम परिवर्तन सम्बन्धमा ।

२७) सम्झौतालाई अनुमोदन गर्ने सम्वन्धमा ।

निर्णयहरु

उपरोक्तानुसारका प्रस्तावहरुमाथि छलफल गरी तपसिल अनुसारका निर्णयहरु गरियो ।

१) यस गाउँपालिकाको उपाध्यक्ष विमला थापा मिति: २०७६।०२।१४ गते यस गाउँपालिका अन्तर्गत वडा नं. १ र ५ मा पर्ने शालीग्राम करीडोरको सडक तथा बन्चरे पहाड अनुगमन गर्न जाने क्रममा मोटरसाईकल दुर्घटनामा परी उपचार गर्ने क्रममा खर्च भएको रकम गाउँपालिकाको तर्फवाट उपचार राहत खर्च पाँउ भनी निवेदन दिनु भएकोले गाउँपालिकाको कामको सिलसिलामा मोटरसाईकल दुर्घटनामा परी उपचार गर्नु परेकोले गाउँपालिकाको तर्फवाट रु. ३०००००। ( तिन लाख ) मात्र उपचार राहत खर्च उपलब्ध गराउने निर्णय गरियो । साथै वडा नं. ३ का वडाध्यक्ष किर्तिमान आले मिति: २०७५।०७।१९ गते गाउँपालिकाको कामको सिलसिलामा दमौली जाने क्रममा मोटरसाईकल दुर्घटनामा परी घाईते भई उपचार गर्दा खर्च भएको रकम मध्ये २४८४६। (चौविस हजार आठ सय छयालिस ) भुक्तानी पाउँ भनी निवेदन दिनु भएकोले गाउँपालिकाको कामको सिलसिलामा मोटरसाईकल दुर्घटनामा परी उपचार गर्नु परेकोले गाउँपालिकाको तर्फवाट रु. २४८४६। (चौविस हजार आठ सय छयालिस ) मात्र उपचार राहत खर्च उपलब्ध गराउने निर्णय गरियो ।

२) देवघाट गाउँपालिकाको फोहरमैला व्यवस्थापन निर्देशिका, २०७६ स्विकृत गर्ने निर्णय गरियो ।

३) वडा नं. २ का खड्क बहादुर थापाको घर हावा हुरीले उडाएकोले आर्थिक राहत स्वरुप रु. १५०००।( पन्ध्र हजार) मात्र भुक्तानी दिने निर्णय गरियो ।

४) देवघाट, ५, बगन्दीको सामुदायिक स्वास्थ्य ईकाईको भवन निर्माण स्थलको जग्गा पास गरी गाउँपालिकाले लिनको लागी भएको खर्च रु. ३८५५०। (अडतिस हजार पाँच सय पचास) मात्र भुक्तानी दिने निर्णय गरियो ।

५) नदी जन्य पदार्थ उत्खनन्को लागी ठेक्का लिएका सुमी स्यारोन कन्स्ट्रक्सन एण्ड सप्लायर्स पा.लि. र एन के ईन्टरनेशनल कन्सट्रक्सन प्रा.लि.ले ठेक्का सम्झौता अनुसार पहिलो किस्ता बुझाएका तर दोस्रो र तेस्रो किस्ता समयमानै नबुझाएता पनि स्थानीय परिस्थिति र ठेकेदारको बाध्यतालाई बुझेर ठेक्का नटोडिएको हो । तर निज ठेकदारहरुले सम्झौता बमोजिम नबुझाएको बाँकी किस्ता रकमको बाँकी समयको १० (दश) प्रतिशत जरिवाना लिने निर्णय गरियो ।

साथै सेती भतेरी र साँढेवगर घाटवाट नदीजन्य पदार्थ उत्खनन् गर्नको लागी ठेक्का लिएको सुमिस्यारोन कन्स्ट्रक्सनले दिएको निवेदन र मिति: २०७६।०२।१५ गते बसेको ३३ औं वैठकको निर्णय नं. १६ उपर छलफल भयो । सुमिस्यारोन कन्स्ट्रक्सनले स्टक सम्बन्धमा दिएको जानकारी निवेदन र बैंक ग्यारेन्टी फुकुवा गरि पाउँ भनि दिएको निवेदन तथा प्राविधिकवाट प्रमाणित भई आएको स्टक प्रतिवेदन समेतको आधारमा र स्थलगत हेर्दा निज सुमिस्यारोन कन्स्ट्रक्सनले सेती भतेरी र साँढेवगर दुवै घाटवाट सम्झौता भए अनुसारको परिणाम भन्दा वढी परिणामको नदीजन्य पदार्थ उत्खनन् नगरेको तथा सेती भतेरी र साँढेवगर दुवै घाटवाट उत्खनन् भएको नदीजन्य पदार्थ एकै ठाउँमा स्टक गरी राखेको हुँदा सम्झौता बमोजिम निजले बुझाउनु पर्ने राजश्व तथा कर रकम बांकी भए बुझाउन लगाई निजको बैंक ग्यारेण्टी फुकुवा गर्ने निर्णय गरियो ।

दुर्गा बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

६) देवघाट गाउँपालिकाको पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी कार्यविधि, २०७५ को अनुसूची १ बमोजिम गाउँ सभा र गाउँ कार्यपालिकाको बैठकको भत्ता १५००। तोकिएता पनि मिति: २०७५ श्रावण महिना देखी लागु हुने गरी गाउँ सभा बैठकको बैठकको भत्ता रु. १५००। ( एक हजार पाँच सय ) मात्र र गाउँ कार्यपालिकाको बैठक भत्ता रु.१०००। (एक हजार ) मात्र तथा वडा समितिको बैठक भत्ता रु. ५००। (पाँच सय ) मात्र बढीमा मासिक २ वटा बैठकको भत्ता बुझी लिने निर्णय गरियो ।

७) गाउँपालिकाको विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन विधेयक र न्यायिक समितिले उजुरीको कारवाही गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक पारित गरी चौथो गाउँ सभाको आगामी हुने चौथो बैठकमा स्विकृतिको लागी क्रमश: भीम वहादुर गुरुङ्ग र पोल वहादुर आलेवाट पेश गर्ने निर्णय गरियो ।

८) अर्को व्यवस्था नभए सम्म यस गाउँपालिकाको तपसिल अनुसारको कर्मचारी दरवन्दी स्विकृत गरियो ।

नेपाल सरकारवाट स्किृत दरवन्दी संख्या अनुसारनै गाउँ कार्यपालिकाको कार्यालयको स्थायी दरवन्दी स्विकृत गरियो । साथै

तपसिल अनुसारको व्यवस्था तथा कार्यक्रमको लागी अर्को व्यवस्था नभए सम्मको लागी वा स्थायी पदपुर्ति नभए सम्मको लागी आवश्यकता अनुसार गाउँ कार्यपालिकाको कार्यालयले अस्थायी /करार/ज्यालादारीमा काम लगाउने गरी तपसिल अनुसारको दरवन्दी स्विकृत गरियो ।

१.अस्पतालको लागी

१) हेल्थ असिस्टेण्ट ( HA ) – १ (एक जना)

२) अ.हे.व. ( CMA ) – १ (एक जना)

३) ल्याव टेक्निसियन – १ (एक जना)

४) कार्यालय सहयोगी – १ (एक जना)

५) माली – १ (एक जना)

२.नगर प्रहरी

१) ४ ( चार जना ) – ४ ( चार)

हवल्दार सरह १, सिपाही सरह ३

३. गाउँ कार्यपालिकाको कार्यालयको लागी

१) सामाजिक परिचालक महिला ( सहायक चौथो स्तर)– १ (एक जना) – महिला विकास कार्यक्रम र वाश कार्यक्रम समेतमा सहयोग गर्ने गरी

२) सामाजिक परिचालक पुरुष ( सहायक चौथो स्तर) – १ (एक जना) ( हाल काम गरिरहेका उत्प्रेरक संयोजक पदलाई सामाजिक परिचालक पदमा रुपान्तरण गरिएको )– सामुदायिक प्रहरी, नागरिक सहायता कक्ष, वन तथा हरियाली, वातावरण....? समेत हेर्ने गरी )

३) कार्यालय सहयोगी – २ (दुई जना)

४) माली – १ (एक जना)

४. खानेपानी सरसफाई तथा स्वच्छता ईकाई, उद्योग, स्वरोजगार, सहकारी लगायतका

दुर्ग वहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

कार्यक्रमको लागी

१) कार्यक्रम अधिकृत ( अधिकृत स्तर ) – १ (एक जना)

दुर्ग बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

५. वडा कार्यालयको लागी

१) १, ३ र ५ नं वडा कार्यालयमा कार्यालय सहायक एक एक जना– ३ (तीन जना)

सहायक स्तर चौथो

२) प्रत्येक वडामा कार्यालय सहयोगी एक एक जना – ५ (पाँच जना)

७. कृषि कार्यक्रमको लागी

एक वडा एक प्राविधिक ( प्रा.स. /ना.प्रा.स.) – ५( पाँच जना)

कृषि अनुसन्धान केन्द्र कोट वैदीमा एक प्राविधिके ( प्रा.स. /ना.प्रा.स.)– १ ( एक जना)

कृषि अनुसन्धान केन्द्र, देवघाट २, कोट वैदीमा हेरालु – १ (एक जना)

जम्मा ७ ( सात जना )

८. पशु स्वास्थ्य कार्यक्रमको लागी

एक वडा एक प्राविधिक ( प.स्वा.प्रा./ ना.प.स्वा.प्रा. ) – ५ ( पाँच जना)

पशु पंक्षी अनुसन्धान केन्द्र, देवघाट १, कोटामा एक प्राविधिक ( प.स्वा.प्रा./ ना.प.स्वा.प्रा. ) – १ ( एक जना)

पशु पंक्षी अनुसन्धान केन्द्र देवघाट १, कोटामा हेरालु – १ (एक जना)

जम्मा ७ ( सात जना )

९. पूर्वाधार योजना, कार्यक्रमको लागी

सिभिल ईन्जिनियर – १ (एक जना)

९) कर्मचारी सेवा सुविधा सम्वन्धि, निर्देशिका २०७५ मा संशोधन स्विकृत गरियो ।

१०) देवघाट वडा नं. ५ स्थित वराह आधारभूत विद्यालयका जेहन्दार तथा गरीव छात्रा छात्रहरुलाई शिक्षा कोषको विद्यार्थी भर्ना अभियान र अध्ययनमा निरन्तरता शिर्षकवाट पोशाक सहयोग सहयोग गर्ने निर्णय गरियो ।

११) सामाजिक सुरक्षा भत्ताको लागी बैंक खाता खोल्न छुट भएका बाँकी लाभग्राहीको खाता खोल्न वडावाट थप पहल तथा प्रचार प्रसार गर्ने निर्णय गरियो ।

१२) गत आ.व.मा गाउँ दररेट निर्धारण कार्यदल गठन भएकोमा सोही कार्यदलले आगामी आ.व. २०७६।७७ को लागी गाउँपालिका क्षेत्रमा लागु हुने दररेट निर्धारण गर्ने निर्णय गरियो ।

१३) सबै कर्मचारी र जन प्रतिनिधिहरुले E PAN लिई गाउँ कार्यपालिकाको कार्यालयमा उपलब्ध गराउने तथा व्यवसाय PAN भएकाले सोही प्रयोग गर्ने निर्णय गरियो ।

दुर्ग बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

१४) नदीजन्य पदार्थ उत्खननको लागी तपसिल अनुसारको नदीको तपसिल अनुसारको स्थानको IEE गर्ने निर्णय गरियो ।

तपसिल

१) काली नदी तर्फ : काली भतेरी र साँढे वगर

२) त्रिशुली नदी तर्फ : सेती भतेरी, भुवनटार र बगई

१५) सबै वडा कार्यालयले साविक गा.वि.स. को बेरुजु आ आफ्नो वडा कार्यालयमा दाखिला गर्न लगाउने र फछ्र्यौटको लागी गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने सो अनुसार नगर्ने बेरुजु फछ्यौट गर्नु पर्ने दायित्व भएका व्यक्तिको वडावाट प्रदान गरिने सेवा सुविधा रोक्का राख्ने निर्णय गरियो ।

१६) संघीय सरकारले आ.व. २०७६।७७ वाट लागु हुने गरी बढाएको तलब स्केल अनुसार नै यस गाउँ कार्यपालिकाको कार्यालयका स्थायी कर्मचारीको लागी पनि कायम गर्ने र सो स्केल भन्दा बढी नहुने गरी कार्य क्षमताको आधारमा आपसी सम्झौताको आधारमा करार तथा ज्यालादारीमा काम गर्ने कर्मचारीको तलब तोक्ने निर्णय गरियो ।

१७) राष्ट्रिय आधारभूत विद्यालय, देवघाट, ४, काफलडाँडाको भवन निर्माण अनुदानन सो विद्यालयको खातामा पठाउने र सो विद्यालयले ६० दिन भित्रमा भवन निर्माण सम्पन्न गरी प्रतिवेदन गाउँपालिकालाई बुझाउने, सो समय सम्म विद्यालयको खाता रोक्का राख्ने, यदी सो समय भित्र भवन सम्पन्न गरी गाउँपालिकामा प्रतिवेदन नबुझाएमा विद्यालयवाट सरकारी बाँकी सरह असुल उपर गर्ने निर्णय गरियो ।

१८) जनता आवास कार्यक्रमको प्रगति बारेमा समीक्षा गरियो ।

१९) सबै वडा कार्यालयले सम्पत्ति करको दर निर्धारण गरी गाउँपालिकामा पठाउने निर्णय गरियो ।

२०) देवघाट ५, को दिव्यधाम एग्रिगेट एण्ड क्रसर उद्योग प्रा.लि.ले देवघाट ५ मा क्रसर उद्योग संचालनको लागी प्रारम्भिक वातावरणीय परीक्षण (IEE ) स्विकृतिको लागी दिएको निवेदन सम्बन्धमा छलफल गर्दा सो प्रारम्भिक वातावरणीय परीक्षण (IEE ) को लागी बनेको कार्य सुची ( TOR) अनुमोदन तथा स्विकृति गरियो र सो कार्य सुची ( TOR) अनुसार बनेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE ) स्विकृतिको लागी सम्बन्धित निकायमा कार्यालयले सिफारिस गरी पठाउने निर्णय गरियो ।

२१) रिसिङ्ग गाउँपालिका स्थित रेडक्रस संस्थालाई एम्बुलेन्स खरिद स्वरुप रु. ३०००००। ( तिन लाख ) अनुदान सहयोग दिने र सो संस्थाले देवघाट गाउँपालिकाको वडा नं. २ र ३ मा एम्बुलेन्स सेवा उपलब्ध गराउने निर्णय गरियो ।

२२) महिला प्रति हुने गरेका हिंसाको अन्त्य गर्नको लागी महिला हिंसा विरुद्धको अभियान संचालन गर्ने वर्ष २०७६ लाई महिला हिंसा विरुद्धको अभियान वर्ष मनाउने निर्णय गरियो ।

२३) चौथो गाउँ सभाको पहिलो वैठक, मिति: २०७६।०३।१० गतेका दिन पेश भएको रु. ३१२५३९०००।- ( एकतिस करोड पच्चिस लाख उनान्चालिस हजार ) आय र व्ययमा संशोधन गरी ३२२५३९०००। ( बत्तिस करोड पच्चिस लाख उनान्चालिस हजार ) कायम गर्ने र उक्त संशोधन प्रस्ताव चौथो गाउँ सभाको चौथो वैठकमा पेश गर्ने निर्णय गरियो ।

२४) दमौलीमा हुने जिल्ला स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगितामा यस गाउँपालिकास्तरीय प्रतियोगितावाट छनौट भयका खेलाडीलाई सहभागी गराउन र खेलाडीको पोशाक, यातायात, खाना खर्च समेतको खर्च स्वरुप गाउँपालिका स्तरीय खेलकुद समितिलाई रु. ३५०००। एकमुष्ठ अनुदान दिने निर्णय गरियो ।

गाउँ कार्यपालिकाको कार्यालय देवघाट, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

दुर्गा बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

२५) पूर्व लिखित आदेश वा सम्झौता विना आफु खुशी पत्रिकामा सूचना विज्ञापन छापि भुक्तानी माग गर्न आउने पत्रिकालाई सूचना विज्ञापन छापे पनि कार्यालयले भुक्तानी नदिने निर्णय गरियो ।

२६) राष्ट्रिय ग्रमीण तथा नविकरणीय उर्जा कार्यक्रम सशर्त अन्तर्गत सुधारिएको चुलो ( वायोमास ) प्रविधि जडान शिर्षकमा रु. १०००००। ( एक लाख ) विनियोजन भएकोमा सो को यस गाउँपालिकामा सम्भावना नदेखिएको तथा वडा नं. २ को वडा कार्यालय र आसपास सरसफाई सम्वन्धि निर्माण काममा रकम अपुग भएकोले सो काम पुरा गर्न सुधारिएको चुलो ( वायोमास ) प्रविधि जडान शिर्षकमा रु. १०००००। (एक लाख ) विनियोजन भएको रकम नं. २ को वडा कार्यालय र आसपास सरसफाई सम्वन्धि निर्माण काममा खर्च गर्ने निर्णय गरियो ।

२७) देवघाट गाउँपालिका वडा नं. ५ कालीमाटी भन्ने ठाउँमा रहेको ४२ रोपनी जग्गा मध्येको २१ रोपनी जग्गामा जेष्ठ नागरिक सेवा केन्द्र तथा पार्कको पूवाधार निर्माण गरी सञ्चालन गर्नको लागी देवघाट गाउँपालिका र जगन्नाथ शान्ती कुञ्ज, देवघाट वीच सम्झौता भएको हो । जेष्ठ नागरिक ग्राम निर्माण गर्नको लागी गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयवाट रु. ५००००००। ( पचास लाख ) रकम प्राप्त हुने जानकारी भएकोले जेष्ठ नागरिक ग्राम निर्माण गर्न जगन्नाथ शान्ती कुञ्ज र गाउँपालिका वीच सम्झौता भएकोले सो सम्झौतालाई अनुमोदन गरियो ।

गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

दुर्ग वहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत